# स्थानीय राजपत्र


## रघुगंगा गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १० मौवाफाँट, म्याग्दी, जेठ ११ गते, २०८३ साल


# भाग -२

## रघुगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

रघुगंगा गाउँपालिकाको कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको पहिलो संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको कार्यविधि संख्या नं. ०१

# रघुगंगा गाउँपालिकाको पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, (पहिलो संशोधन),२०८३

☯पहिलो संशोधन कार्यविधि २०८३ द्वारा संशोधित

**रघुगंगा गाउँपालिकाको पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८३**

**प्रस्तावनाः** रघुगंगा गाउँपालिकाको पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, गाउँ कार्यपालिकाले यो संशोधन जारी गरेको छ।

**संक्षिप्त नाम र प्रारम्भः** यस संशोधनको नाम "रघुगंगा गाउँपालिकाको पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, (पहिलो संशोधन),२०८३" रहेको छ।

(२) यो कार्यविधि रघुगंगा गाउँपालिकाको राजपत्रमा प्रकाशन भए देखि लागु हुनेछ।

| **मूल कार्यविधिमा संशोधन गरिएको दफा** | **संशोधित प्रावधान (कार्यक्रम अनतर्गत)** | **संशोधित प्रावधान (मापदण्डहरू अन्तर्गत** | **संशोधित प्रावधान (सञ्चालन गर्न सकिने क्रियाकलापहरू अन्तर्गत)** | **संशोधित प्रावधान (अनुदान रकम/ प्रतिशत अन्तर्गत)** | **संशोधन गर्नुपर्ने कारण** |
|---|---|---|---|---|---|
| दफा ६ को उपदफा (६) | मूल कार्यविधिमा देहायको व्यवस्था थप गरिएको छ। (कृषि तथा पशुपालन) | मूल कार्यविधिमा देहायको व्यवस्था थप गरिएको छ। रघुगंगा गाउँपालिकाको कृषकहरु मात्र सहभागी हुन पाउने पशुपालन क्षेत्रतर्फ, गाई/ भैंसी भए १० माउ सुंगुर/ बंगुर भए १५ माउ कुखुरा भए १००० ओटा हुनुपर्ने र कृषि क्षेत्रतर्फ (रैथाने बाली कृषि फर्मको हकमा २ रोपनी र समूह/ सहकारीको हकमा | मूल कार्यविधिमा आर्थिक विकास समितिको सट्टा वडा समिति राखिएको छ। | मूल कार्यविधिमा रु १०,००० को सट्टा ५००० राखिएको छ। | मूल कार्यविधिमा पशु विकास मात्र समावेश भएकोमा कृषि तथा पशुपालन दुवै समावेश गर्नुपर्ने भएकाले । |

☯पहिलो संशोधन कार्यविधि २०८३ द्वारा संशोधित

| | | | | | |
|---|---|---|---|---|---|
| | | २० रोपनी), (फलफूल कृषि फर्मको हकमा १०० फल दिने बोट), र सहकारी/ समूहको हकमा ५०० फल दिने बोट), (आलु खेती कृषि फर्मको हकमा ३ देखि ५ रोपनी, र समूह/सहकारीको हकमा ५० रोपनी), (मसला बाली कृषि फर्मको हकमा ३ देखि ५ रोपनी, समूह/ सहकारीको हकमा २० रोपनी), (तरकारी बाली कृषि फर्मको हकमा खुल्ला क्षेत्रमा ३ रोपनी)), (प्लास्टिक टनेलको हकमा ३ ओटा टनेलले कुल १५० वर्गमिटर क्षेत्र ओगट्ने गरी खेती गरेको र समूह सहकारीको हकमा खुल्ला क्षेत्रमा ५ रोपनी खेती गरेको वा प्लास्टिक टनेलको हकमा ५ ओटा टनेलले कुल २५० वर्गमिटर क्षेत्र ओगट्ने गरी खेती गरेको) (मौरी पालन कृषि फर्मको | | | |

☯पहिलो संशोधन कार्यविधि २०८३ द्वारा संशोधित

| | | | | | |
|---|---|---|---|---|---|
| | | हकमा १० ओटा आधुनिक वा मुढे मौरी सहितको घार र समूह सहकारीको हकमा ३० ओटा आधुनिक वा मुढे मौरी सहितको घारमा पालन गर्नुपर्ने । | | | |

आज्ञाले

कुलराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत

☯पहिलो संशोधन कार्यविधि २०८३ द्वारा संशोधित